आर्थिक बर्ष : २०७९/८०

बैठक संख्या : ७

आज मिति २०७९/०९/०३ गतेका दिन विरुवा गाउँपालिका गाँउ कार्यपालिकाको कार्यालयमा गाउँ कार्यपालिकाका अध्यक्ष श्री सूर्य बहादुर कुँवर ज्यूको अध्यक्षतामा वसेको कार्यपालिकाको बैठकबाट निम्न अनुसारको उपस्थितिमा तपसिल बमोजिमको निर्णय गरियो ।

उपस्थितिः

श्री सूर्य बहादुर कुवँर अध्यक्ष

श्री भगवती शर्मा उपाध्यक्ष

श्री राजेन्द्र कुमार के.सी. सदस्य

श्री नोम बहादुर गुरुङ सदस्य

श्री मनुकुमारी राना सदस्य

श्री मुक्त बहादुर गुरुङ सदस्य

श्री ङन बहादुर थापा सदस्य

श्री कृष्णबहादुर क्षेत्री सदस्य

श्री मेखराज गुरुङ सदस्य

श्री नविन कुमार आले सदस्य

श्री कुशुम देवी शर्मा श्रेष्ठ सदस्य

श्री र माया गुरुङ सदस्य

श्री दुर्मा देवी थापा सदस्य

श्री इन्दिरा पोख्रेल सदस्य

श्री पाल सिं विश्वकर्मा सदस्य

श्री कोप्रिला वि.क. सदस्य

श्री अनन्तराज न्यौपाने सदस्य सचिव प्र.प्र.अ.

श्री पिताम्बर पोख्रेल प्रशासन शाखा प्रमुख

श्री दिपक ढुंगाना योजना शाखा प्रमुख

निर्णय नं. १

विरुवा गाउँकार्यपालिकाका हालसम्मका निर्णयहरु कार्यान्वयनको अवश्था र गाउँपालिका कार्यालय तथा अन्तर्गतका कार्यालयहरुबाट भईरहेको सेवा प्रबाहको समिक्षा गर्दै सेवा प्रबाहलाई थप प्रभावकारी र सहज बनाउन आवश्यक भूमिका निर्बाह गर्ने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं. २

आ.व. २०८०/८१ का लागि यस गाउँपालिका अन्तर्गतका तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरु संघीय सरकारको समपुरक तथा विषेश अनुदानको लागि सिफारिस गर्ने सर्वसहमतिले निर्णय गरियो ।

समपुरक अनुदान तर्फ

क) बेलघारी मेथाभुरुङ्ग सपाउँदे सडक विरुवा -७ र ८

ख) विरुवा ललाङ तर्ले कुसुमभञ्याङ सडक

ग) तल्लो बलेउ राम्कीथुम्की स्याङ्दी धरादी लेवा सडक

विशेष अनुदान तर्फ

क) ३ नं. वडा कार्यालय विरुवा-३

ख) राङभाङ स्वास्थ्य चौकी विरुवा- ३

ग) बास्ताराखोला म्याङखोला ज्याग्दीखोला तटबन्धन

निर्णय नं. ३

आ.व. २०८०/८१ का लागि यस गाउँपालिका अन्तर्गतका तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरु प्रदेश सरकारको समपुरक तथा विषेश अनुदानको लागि सिफारिस गर्ने सर्वसहमतिले निर्णय गरियो ।

समपुरक अनुदान तर्फ

क) विरुवा सिखरसिङ दह सडक

ख) विरुवा खाली सडक

ग) सुरुङ क्वादी चिन्नेबास सडक

विशेष अनुदान तर्फ

क) भञ्याङ बाहुँ विरुवा सडक

ख) ज्याग्दीखोला करिडोर विरुवा चिन्नेबास खण्ड कालोपत्रे

ग) स्याङ्दीखोला मोटरवेल पूल

CamScanner

निर्णय नं. ४

विरुवा गाउँपालिका क्षेत्रभित्रको भूमीको बर्गिकरणका लागि नियमानुसार प्रक्रिया अगाडी बढाउने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं. ५

विरुवा गाउँपालिकाको संलग्नबमोजिम "घ बर्गको निर्माण व्यवसायी ईजाजत सम्बन्धी कार्यविधि,२०७४" पहिलो शंशोधन २०७९ पारित गर्ने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं. ६

विरुवा गाउँपालिका कार्यालयमा खानेपानी मूल दर्ताका लागि रीतपूर्वक निबेदन पेश भई विरुवा गाउँपालिकाको खानेपानी मूल दर्ता तथा सरसफाई उपभोक्ता समिति कार्यविधि, २०७७ बमोजिम प्रक्रिया पुरा गरेका तपसिल खानेपानी मूल तथा सरसफाई उपभोक्ता समिति दर्ताका लागि स्वीकृती प्रदान गर्ने सर्वसहमतिले निर्णय गरियो ।

तपसिलः
धरादि खानेपानी मूल तथा सरसफाई उपभोक्ता समिति विरुवा २
कुजुन्डे खानेपानी मूल तथा सरसफाई उपभोक्ता समिति विरुवा ८

निर्णय नं. ७

विरुवा गाउँपालिकाको आवधिक योजना निर्माण गर्न गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान संग भएको सम्झौता अनुरुप गाउँपालिका कार्यालयबाट आवश्यक रकम साझेदारी गर्ने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं. ८

विरुवा गाउँपालिकाको आर्थिक बर्ष २०७९/८० मा समावेश योजना तथा कार्यक्रमहरुको कार्यान्वयनका लागि योजना सम्झौता कार्य २०७९ पौष मसान्तभित्र गरिसक्ने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं. ९

आ.ब. २०७९/८० का लागि यस गाउँपालिका अन्तर्गतका संघीय सरकार र प्रदेश सरकारको समपुरक तथा विषेश अनुदान अन्तर्गतका तपसिल योजनाहरु ठेक्का प्रक्रियाबाट कार्यान्वयनका क्रममा कम मुल्यमा

CamScanner

- भक्तजन कल्याण युवा मञ्च विरुवा ४- रु ४०,०००/-
- न्यु फ्रेन्डसीप युवा क्लब विरुवा ६- रु २०,०००/-

**निर्णय नं. १२**

विरुवा गाउँपालिकाको आर्थिक बर्ष २०७९/८० को बार्षिक बजेटमा समावेश अध्यक्षकप खेलकुद तथा राष्ट्रपति रनिङ शिल्ड शिर्षकको रु १५ लाख रकम मध्ये रु १० लाख अध्यक्षकप खेलकुदका लागि र रु ५ लाख राष्ट्रपति रनिङ शिल्ड कार्यक्रम संचालनमा खर्च गर्नेगरी स्वीकृती दिने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं. १३**

विरुवा गाउँपालिका कार्यालयद्धारा आर्थिक बर्ष २०७८/७९ को बार्षिक योजना तथा कार्यक्रमको कार्यान्वयन र सेवाप्रबाहको अवश्थाबारे जानकारी दिन २०७९/०९/०५ गते आयोजना गरिएको सार्वजनिक सुनुवाई कार्यक्रम सफल पार्ने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं. १४**

विरुवा गाउँपालिकाको आर्थिक बर्ष २०७९/८० का लागि संघिय सरकारको शशर्त अनुदानमा समावेश ज्याग्दी खोला साहित्यिक प्रतिष्ठान विरुवा गा पा ६ स्याङ्जा शिर्षकमा विनियोजित रु १० लाख रकमबाट ज्याग्दी खोला साहित्यिक प्रतिष्ठानले सो संस्थाको कार्यालय भवन निर्माण गर्ने गरी प्रस्ताव गरेको हुँदा नियमानुसार ज्याग्दी खोला साहित्यिक प्रतिष्ठानलाई जग्गा खरिदका लागि अनुमति दिने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं. १५**

विरुवा गाउँपालिकाको गाउँसभा र गाउँकार्यपालिकाको बैठकबाट हालसम्म निर्माण गरिएका विविध ऐन, नियमावली, कार्यविधि र निर्देशिकाहरु स्थानिय राजपत्रमा प्रकाशन गर्ने सर्वसहमतिले निर्णय गरियो ।

CamScanner

ठेक्का स्वीकृत भई विनियोजित बजेटबाट बाँकी रहेको रकम पुनः ठेक्का प्रक्रियाबाट कार्यान्वयनका लागि अर्थ मन्त्रालय लगायत सम्बन्धित निकायसंग अनुमती माग गर्ने सर्वसहमतिले निर्णय गरियो ।

तपसिलः

| योजनाको नाम | योजनाको प्रकृति | बिनियोजित बजेट रु. | ठेक्का स्वीकृत रकम रु. | बाँकी रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| रहखोला मिलनचोक दम्सिदि बगरीबोट सडक स्तरोन्ती | संघिय समपुरक | १ करोड ८० लाख (गाउँपालिकाको साझेदारी रकम सहित) | १,५१,८७,१९७/- (एक करोड एकाउन्न लाख सतासी हजार एक सय सन्तानब्बे रुपैया मात्र) | २८,१२,८०३/- (अठ्ठाईस लाख बाह्र हजार आठ सय तिन रुपैया मात्र) | |
| भञ्याङ बाहुँ विरुवा सडक | प्रदेश समपुरक | १ करोड १७ लाख (गाउँपालिकाको साझेदारी रकम सहित) | १,०२,१७,९२५/- (एक करोड दुई लाख सत्र हजार नौ सय पच्चिस रुपैया मात्र) | १४,८२,०७५/- (चौध लाख बयासी हजार पचहत्तर रुपैया मात्र) | |
| बास्ताराखोला म्याङखोला ज्याग्दीखोला तटबन्धन | संघिय विषेश | १ करोड | ८९,७८,०४०/- (उनननब्बे लाख अठहत्तर हजार चालिस रुपैया मात्र) | १०,२१,९६०/- (दश लाख एक्काईस हजार नौ सय साठी रुपैया मात्र) | |

निर्णय नं. १०

गाउँपालिका राष्ट्रिय महासंघको अधिवेशनमा सहभागिता बापतको रजिष्ट्रेशन शुल्क तथा बार्षिक सदस्यता शुल्क बापत विरुवा गाउँपालिका कार्यालयबाट भुक्तानी भएको एकमुष्ट खर्च रकम रु ५० हजार अनुमोदन गर्ने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं. ११

विरुवा गाउँपालिका अन्तर्गतका उल्लेखित संस्थाहरुलाई कार्यक्रम खर्च शिर्षकबाट तपसिल बमोजिमको रकम आर्थिक सहयोग स्वरुप उपलब्ध गराउने सर्वसहमतिले निर्णय गरियो ।

CamScanner